क.सं.	आ.व २०८२ ८३ मा प्रभु बैंक लिमिटेडले गरेका सामाजिक उत्तरदायित्वका क्रियाकलापले समाजमा पारेका प्रभावहरू
१	**शिक्षा श्रेत्रमा पारेको प्रभाव**
	बैंकले सरकारी तथा सामुदायिक विद्यालयहरू (जस्तै: श्री भैरवी माध्यमिक विद्यालय, सैनिक आवासीय महाविद्यालय, श्री योगेन्द्र विद्यालय, र श्री शहीद स्मृति माध्यमिक विद्यालय) लाई लक्षित गरी कम्प्युटर सेट, गुड्ने स्ट्यान्डसहितको स्मार्ट बोर्ड, मेटल कपबोर्ड, र पुस्तक प्रदर्शन दराज (Book showcase) जस्ता अत्याधुनिक उपकरण तथा शैक्षिक पूर्वाधार उपलब्ध गराएको छ। यस कार्यले परम्परागत शिक्षण पद्धतिलाई डिजिटल र प्रविधिमैत्री सिकाइमा रूपान्तरण गरी विद्यार्थीहरूको प्राविधिक ज्ञान र शैक्षिक गुणस्तरमा सुधार ल्याउन मद्दत गरेको छ। विपन्न विद्यार्थीहरूलाई स्टेसनरी सामग्री र खेलकुद पोशाक (Sports Dress) वितरण गर्नाले उनीहरूमा विद्यालय जाने उत्प्रेरणा जगाउनुका साथै 'नगर स्तरीय खेलकुद तथा राष्ट्रपति रनिङ सिल्ड २०८२' जस्ता प्रतियोगिताहरूमा सहभागी हुन प्रोत्साहन मिलि खेलकुद प्रतिभा प्रवर्द्धनमा मद्दत पुगेको छ। यसका साथै, विद्यालयहरूमा वाटर डिस्पेन्सर, वाटर प्युरिफायर र स्वच्छ खानेपानी पूर्वाधार प्रणाली को जडानले विद्यार्थी तथा शिक्षकहरूको स्वास्थ्य सुरक्षा सुनिश्चित गर्दै विद्यालयमा सफा पिउने पानीको अभावलाई पूर्ण रूपमा हल गरेको छ। KUSOM का विद्यार्थीहरूको "अस्तित्व" परियोजनालाई वित्तीय सहयोग र आर्थिक वर्ष २०८१/८२ देखि २०८२/८३ सम्मको प्राज्ञिक सुधार (Academic Improvement) मा गरेको निरन्तरको लगानीले समाजमा उच्च शिक्षाको अनुसन्धानमुखी वातावरण र व्यावसायिक सीपको जग बसालेको छ। समग्रमा, प्रभु बैंकको यो एकीकृत प्रयासले सरकारी र निजी विद्यालयहरूबीचको शैक्षिक खाडललाई कम गर्दै विपन्न वर्गका बालबालिकाहरूको शिक्षामा समान पहुँच सुनिश्चित गर्न र एक स्वस्थ, प्रविधिमैत्री एवं समृद्ध शिक्षित समाजको निर्माण गर्न मद्दत गरेको छ। ।
२	**स्वास्थ्य श्रेत्रमा पारेको प्रभाव**
	प्रभु बैंक लिमिटेडले संस्थागत सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility–CSR) अन्तर्गत स्वास्थ्य क्षेत्रलाई उच्च प्राथमिकतामा राख्दै विपन्न, दुर्गम तथा आर्थिक रूपमा पछाडि परेका नागरिकहरूको जीवनस्तर सुधारका लागि विभिन्न सामाजिक कार्यहरू गर्दै आएको छ। बैंकले निजगढ तिलगङ्गा सामुदायिक आँखा अस्पतालसँगको सहकार्यमा मोतियाविन्दु शल्यक्रिया शिविर (Cataract Surgery Camp) सञ्चालन गर्न आर्थिक सहयोग गर्नुका साथै बिरामीहरूका लागि तीन पटकको निःशुल्क भोजनको व्यवस्था र अत्याधुनिक डायग्नोस्टिक तथा अप्टिकल उपकरण खरिदका लागि वित्तीय सहायता उपलब्ध गराएको छ। यस कार्यले गरिबीका कारण अन्धोपनको समस्याबाट पीडित थुप्रै नागरिकलाई पुनः दृष्टि प्रदान गरी उनीहरूको जीवनमा सकारात्मक परिवर्तन ल्याएको छ। यसैगरी, रोल्पा अस्पतालसँगको साझेदारीमा निःशुल्क स्वास्थ्य शिविर तथा रक्तदान कार्यक्रम सञ्चालन गर्न गरेको सहयोगले दुर्गम क्षेत्रका विपन्न नागरिकहरूलाई सहज रूपमा स्वास्थ्य सेवा उपलब्ध गराउन महत्वपूर्ण भूमिका खेलेको छ। साथै, बनेपास्थित अपाङ्गता भएका बालबालिकाको उपचार तथा पुनःस्थापनामा कार्यरत अस्पताल तथा पुनःस्थापना केन्द्र (HRDC) लाई रु. ७ लाख ५० हजार आर्थिक सहयोग प्रदान गरी शारीरिक अपाङ्गता भएका बालबालिकाको उपचार, पुनःस्थापना तथा जीवनस्तर सुधारमा योगदान पुऱ्याएको छ। यस सहयोगले शारीरिक अपाङ्गता भएका बालबालिकाको उपचार, पुनःस्थापना तथा जीवनस्तर सुधार गर्न महत्वपूर्ण योगदान पुऱ्याएको छ। प्रभु बैंकका सामाजिक उत्तरदायित्वसम्बन्धी कार्यक्रमहरूले नागरिकको स्वास्थ्य तथा जीवनस्तर सुधार गर्नुका साथै सामाजिक कल्याण, समावेशी विकास र समृद्ध समाज निर्माणमा योगदान पुऱ्याएको छ।
३	**वातावरण श्रेत्रमा पारेको प्रभाव**
	प्रभु बैंक लिमिटेडले वातावरणीय दिगोपना र सांस्कृतिक सम्पदाको संरक्षणलाई प्रवद्र्धन गर्ने उद्देश्यका साथ मन्दिर परिसर वरपर सरसफाइ कार्यक्रम (Cleanliness program around temple periphery) सञ्चालन गर्न वित्तीय सहयोग उपलब्ध गराएको छ। बैंकको यस कार्यले हाम्रा ऐतिहासिक तथा धार्मिक स्थलहरूको पवित्रता र सौन्दर्यलाई कायम राख्न ठूलो मद्दत पुऱ्याएको छ, जसले गर्दा स्थानीय दर्शनार्थी तथा बाह्य पर्यटकहरूका लागि स्वच्छ र स्वास्थ्यमैत्री वातावरण निर्माण भएको छ। यस सरसफाइ अभियानले समाजमा सार्वजनिक स्थलहरूको स्वच्छताप्रति नागरिक दायित्व र सचेतना जगाउनुका साथै फोहोरमैला व्यवस्थापनको राम्रो संस्कृति विकास गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ।
४	**वित्तीय साक्षरतामा पारेको प्रभाव**
	प्रभु बैंक लिमिटेडले वैदेशिक रोजगारीमा जाने श्रमिकहरू र दुर्गम क्षेत्रका नागरिकहरूलाई आर्थिक रूपमा सबल बनाउने उद्देश्यका साथ व्यापक रूपमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरेको छ। बैंकले विशेष गरी आप्रवासी श्रमिक (Migrant Workers) हरू र सुदूरपश्चिम प्रदेश जस्तो भौगोलिक रूपमा पछि परेको क्षेत्रलाई लक्षित गरी यी सचेतना कार्यक्रमहरू आयोजना गरेको छ। यस कार्यले वैदेशिक रोजगारीमा जाने श्रमिकहरूमा बैंकिङ प्रणाली, सुरक्षित रेमिट्यान्स (Remittance) को प्रयोग, बचत गर्ने बानी र ऋण व्यवस्थापन सम्बन्धी व्यावहारिक ज्ञान बढाएको छ, जसले हुन्डी जस्ता अवैध माध्यमहरूलाई निरुत्साहित गरी देशको औपचारिक अर्थतन्त्रमा रेमिट्यान्सको योगदान बढाउन मद्दत पुऱ्याएको छ। साथै, श्रमिकका परिवारहरूमा प्राप्त रकमलाई उत्पादनशील क्षेत्र वा स्वरोजगारमा लगानी गर्ने चेतना जागृत गराएको छ। समग्रमा, प्रभु बैंकको यो देशव्यापी वित्तीय साक्षरता अभियानले विपन्न र वैदेशिक रोजगारीमा आश्रित परिवारहरूको आर्थिक जोखिमलाई कम गर्न मद्दत गरेको छ।

५	**दिगो विकास लक्ष्यमा पारेको प्रभाव**
	बैंकले लागूऔषध दुर्व्यसनी विरुद्ध (Drug Education), आत्महत्या रोकथाम (Suicide Prevention) र आगोबाट हुने दुर्घटना एवं यसको रोकथाम (Burn related accidents) सम्बन्धी चेतनामूलक भिडियो र कार्यक्रमहरू निर्माणमा लगानी गरेको छ, जसले समाजमा मानसिक स्वास्थ्य र जनधनको सुरक्षाप्रतिको जनचेतना जगाउन मद्दत गरेको छ। यसका साथै, हुन्डी र नक्कली चिठ्ठा (Hundi & Fake Lottery) विरुद्धका सचेतनामूलक सन्देशहरू उत्पादन गरी बैंकले सर्वसाधारणलाई वित्तीय ठगीबाट जोगाउन र देशको बैंकिङ प्रणालीलाई सुरक्षित राख्न योगदान पुर्‍याएको छ। नेपालभरिका लघु तथा घरेलु महिला उद्यमीहरू (Micro & Home-based women entrepreneurs) लाई गरिएको सहयोगले महिलाहरूको आर्थिक आत्मनिर्भरता र स्थानीय अर्थतन्त्रलाई बलियो बनाउन भूमिका खेलेको छ।
६	**अन्य श्रेत्रमा पारेको प्रभाव**
	बैंकले काठमाडौँ महानगर प्रहरीद्वारा सञ्चालित "सामुदायिक प्रहरी साझेदारी अभियान" लाई वित्तीय सहयोग गरी स्थानीय तहमा शान्ति, सुरक्षा र अपराध नियन्त्रणमा नागरिक साझेदारी बढाउन मद्दत गरेको छ। साथै, प्रेम नगर हाटबजारद्वारा आयोजित तीज मेलाका सम्पूर्ण दर्शनार्थीहरूलाई पिउने पानी वितरण गरेर धार्मिक एवं सांस्कृतिक उत्सवहरूमा सार्वजनिक स्वास्थ्य र व्यवस्थापनमा सहयोग पुर्‍याएको छ। सबैभन्दा महत्त्वपूर्ण कुरा, 'जेन जी' (Gen G) आन्दोलनका क्रममा पूर्ण रूपमा क्षतिग्रस्त भएका सार्वजनिक कार्यालयहरू तथा विराटनगरको मालपोत कार्यालयलाई कम्प्युटर, प्रिन्टर र कुर्सीहरू उपलब्ध गराई आगलागी र तोडफोडबाट ठप्प बनेको सरकारी सेवालाई पुनः नियमित सञ्चालन गर्न र नागरिकहरूलाई सास्ती हुनबाट जोगाउन योगदान दिएको छ।